☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

मिति: २०८०/०४/०४

प.सं.
च.नं.

**विषय: पूर्व निर्मित भवन अभिलेखिकरण गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

काvasोती नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०४/०२ गते बसेको बैठकबाट पूर्व निर्मित भवनहरुको नक्सा अभिलेखिकरण गर्ने निर्णय भएको अवगत गराउँदै काvasोती नगरपालिकाभित्र पूर्व निर्मित घरहरुको घरनक्सा अभिलेखिकरण गर्न " घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९" अनुसार तपशिल बमोजिमका कागजात पुरा गरी यसै सूचना प्रकाशनको मिति देखि ६० दिन भित्र घरधनीले निवेदन पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, पूर्व निर्मित भवन अभिलेखिकरण गर्ने एक पटकको लागि अन्तिम सूचना प्रकाशित भएको हुँदा म्याद नाघि आएका निवेदन उपर कुनै कारवाही नहुने र अब उपरान्त नक्सा पास/ अभिलेखिकरण नगरेका भवनहरुलाई नगरपालिकाबाट उपलब्ध हुने सम्पूर्ण सेवाहरुबाट वन्चित गराइने व्यहोरा अनुरोध छ।

तपशिल:

१. निवेदन
२. घरधनीको नागरिकताको प्रतिलिपि
३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
४. प्रमाणित सक्कल नापी नक्सा
५. चारकिल्ला
६. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निरीक्षण गरि पठाएको सर्जमिन मुचुल्का
७. जग्गाको मालपोत, घर जग्गा कर तिरेको रसिद प्रतिलिपि
८. नगरपालिकामा सूचिकृत ईन्जिनियरबाट तयार पारेको नक्सा २ प्रति
९. जग्गाधनीको पासपोर्ट साइजको फोटो २ थान
१०. पुरै मोहोडा र तला स्पष्ट देखिने घरको फोटो
११. सम्बन्धित वडा कार्यालयबाट साविक नक्सा पास गर्दाको सक्कल फाईल
१२. घरधनीले नगरपालिका समक्ष गरेको कबुलियतनामा

पुनश्च:

- सार्वजनिक जग्गा, नदी, खोला, राजकुलो, सडक मापदण्ड, राजमार्ग, हाइवेको अधिकार क्षेत्र भित्र निर्माण भएका कुनै पनि संरचना नगरपालिकाले तयार पार्न लागेको अभिलेखमा पर्ने छैनन्।
- माथि उल्लेखित कागजातहरु र भवन अभिलेखिकरण कार्यविधि २०७९ बमोजिमको परिधिमा बनेका भवनहरुलाई नगरपालिकाबाट खटिएका प्राविधिक टोलिको चेकजाँच पश्चात मात्र नक्सा अभिलेखिकरण प्रकृयामा दर्ता गरिनेछ।

भुपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत